# दंगीशरणगाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल


प.सं.२०७९/८०

च.नं.

स्थानीय पाठ्यक्रमनिर्माणका लागि बिज्ञ भई कामगर्ने सम्वन्धी सूचना
सूचनाप्रकाशितमिति २०७९/९/२१

यस दंगीशरण गाउपालिकाको आधारभुततहकक्षा १-८ को स्थानीयविषयको पाठ्क्रमनिर्माणका लागि गठित कार्यदललाई प्राबिधिक सहयोग गर्ने तथा पाठ्यक्रमनिर्माणका सबै प्रकृयामा सहभागी भई अगुवाई गर्ने गरी पाठ्क्रमबिकास केन्द्रले तय गरेको मार्गनिर्देशनको परिधिमा रही दंगिशरण गाउपालिका शिक्षा युवा तथा खेलकुद शाखाको नियमित सम्पर्कमा रही कामगर्ने प्रयोजनका लागि स्थानीय पाठ्यक्रम बिज्ञको आवश्यकता परेको हुदा स्थानीय पाठ्क्रमनिर्माणमा अनुभव हासिल गरेका, बिश्वबिद्यालयतहका बिषय समितिमा रही अनुभव हासिल गरेका स्नातकोत्तर उत्तिर्ण अनुभबी व्यक्तिहरुबाट आवेदन आव्हान गरिन्छ । सो प्रयोजनका लागि यस गाउँपालिकाले बढीमा १ लाख रुपैया सम्म मात्र पारिश्रमिक तथा दैनिक भ्रमण भत्ताउपलव्ध गराउन सक्नेछ ।

आबेदकले यो सूचनाप्रकाशनभएको मितिले १५ दिनभित्र यस गाउँपालिकाको शिक्षा युवा तथा खेलकुदशाखामा निम्न कागजात सहित सम्पर्क गर्नुहुन अनुरोध छ ।

आबेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१ आफुले कामगर्न सक्ने व्यहोराको दाबी सहितको आबेदन तथा व्यक्तिगत वायोडाटा ।

२. प्यान/भ्याट दर्ताप्रमाणपत्रको प्रतिलिपि।

३. आर्थिक बर्ष २०७८/०७९ को कर चुक्ताको प्रमाणपत्र।

४. स्थानीय पाठ्यक्रमनिर्माणमा संलग्नभएकाअनुभवका प्रमाणपत्रको प्रतिलिपी तथा आफुले बिज्ञ भई निर्माण गरेको पाठ्यक्रमको नमुना प्रतिहरु ।

५. स्थानतकोत्तर तह उत्तिर्ण प्रमाणपत्रको प्रतिलिपी, बिश्वबिद्यालय मातहतका क्याम्पसहरुमाअध्यापनरत रहेको वा अध्यापन गरेको अनुभवका प्रमाणपत्र तथा बिषय समितिमा रही काम गरेको वा गरिरहेको प्रमाणको प्रतिलिपि।

६ दंगिशरण गाउपालिकामा सो काम गर्नका लागि सूचिकृत भएको भए सूचिकृत मिति र दर्ता नंबर ।

७. बिज्ञ भई कामगर्दा आफुले दिने बिज्ञता सेवाको समय अबधी सहितको क्रियाकलाप सुची तथा सो को लागि दाबी गरिएको पारिश्रमिक तथा दैनिक भ्रमण भत्ता समेतको कुल रकम एक लाखमा नबढाई अंक र अक्षरमाउल्लेख गर्नुपर्नेछ ।

८. बिज्ञलाई दिइने कामको जिम्मेबारी बिज्ञ छनौट पछि गरिने सम्झौतापत्र साथदिइने **TOR**माउल्लेख गरिने छ । तथापी पाठ्क्रम मस्यौदाको इ कपी मस्यौदा गर्ने दायित्व बिज्ञ स्वयको हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अमर बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत


ईमेल: ito.dangisharanmun@gmail.com/ वेबसाईट:www.dangisharanmun.gov.np